बिहीबार ५ भदौ ०७६
www.nayapatrikadaily.com
नयाँ पत्रिका



■ अनिल ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड

# पूर्वाधारमा लगानीको खाडल घटाउन इन्फ्रास्ट्रक्चर बैंक

नेपालका ठूला पूर्वाधारका परियोजनामा लगानी जुटाउने उद्देश्यले नेपाल इन्फ्रास्ट्रक्चर बैंक सञ्चालनमा आएको पाँच महिना भइसकेको छ। ऊर्जा, सडक, सुरुङ, केबलकार, एयरपोर्ट, होटेललगायतका पूर्वाधार परियोजनामा लगानी गर्न बैंकले काम गरिरहेको छ। सञ्चालनमा आएको पाँच महिनाको अवधिमा बैंकले गरेका काम र भावी योजनाका विषयमा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवालीसँग नयाँ पत्रिकाकर्मी **जनार्दन बराल** र **कृष्ण रिजाल**ले गरेको कुराकानीको सम्पादित अंशः

● इन्फ्रास्ट्रक्चर बैंकले वार्षिक कार्ययोजना बनाएको छ। यस वर्ष दायित्वतर्फ २ वटा मुख्य योजना छन्। पहिलो, आइपिओ जारी गरी ८ अर्ब पुँजी संकलन गर्ने र दोस्रो, विदेशबाट बोन्डमार्फत ५ अर्ब संकलन गर्ने।

● पूर्वाधारका परियोजनामा पनि लगानी गर्ने कार्यक्रम छ। दुई–चार वर्षपछि त हाम्रो साइकल सुरु हुन्छ, त्यतिवेला नेगेटिभ क्यारी समस्या हुनेछैन।

**■ नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)सञ्चालनमा आएको पाँच महिना भइसकेको छ। अहिलेसम्म बैंकले केकस्तो काम गरिरहेको छ ?**

नेपालमा 'इन्फ्रास्ट्रक्चरको ग्याप' धेरै ठूलो छ र लगानीको आवश्यकता पनि धेरै छ। पूर्वाधार विकासका लागि आवश्यक लगानीयोग्य रकम देश तथा विदेशबाट जुटाई उपयुक्त परियोजनामा लगानी गर्न तत्कालीन अवस्थामा भएका बैंक तथा वित्तीय संस्थाभन्दा पनि छुट्टै (स्पेसलाइज्ड) संस्थाको आवश्यकता देखियो। पूर्वाधार विकासका लागि बैदेसिक स्रोत परिचालन गर्न तथा स्थानीय स्रोतलाई नयाँ ढंगबाट परिचालन गर्न पनि यस्तो संस्थाको आवश्यकता थियो। यही आवश्यकताका आधारमा इन्फ्रास्ट्रक्चर बैंक स्थापना भएको हो। इन्फ्रास्ट्रक्चर बैंक नेपाल सरकार र निजी क्षेत्रको धेरै लामो प्रयास पछि सञ्चालनमा आएको छ। नेपाल इन्फ्रास्ट्रक्चर बैंक भनेको ऊर्जा, सडक, सुरुङ, केबलकार, एयरपोर्ट, होटेललगायतका अन्य पर्यटन पूर्वाधारका साथै सामाजिक पूर्वाधारहरू जस्तै शिक्षा, स्वास्थ्यलगायतका परियोजनामा लगानी गर्ने बैंक हो। नेपाल राष्ट्र बैंकले यसको लगानी गर्ने क्षेत्रको दायरालाई पनि फराकिलो बनाइदिएको छ। यस बैंकको आधारभूत उद्देश्य भनेको पूर्वाधार विकासका परियोजनामा लगानी गर्ने नै हो।

अहिले पनि वाणिज्य बैंकहरूले ऊर्जा तथा होटेलहरूमा लगानी गरिरहेकै छन्। तर, त्यो पर्याप्त छैन। त्यसैले पूर्वाधारमा मात्रै लगानी गर्ने गरी इन्फ्रास्ट्रक्चर बैंकलाई राष्ट्र बैंकले सञ्चालनको अनुमति दिएको हो। पूर्वाधारमा आजको भोलि नै लगानी हुने होइन, क्रमशः लगानी थपिँदै जाने हो। अहिले यस बैंकले केही वाणिज्य बैंकहरूसँग मिलेर पूर्वाधार परियोजनामा लगानी गर्नका लागि परियोजना छनोट गर्ने, अध्ययन गर्ने, सरोकारवालासँग छलफल गर्नेलगायतका काम गरिरहेको छ। हालै यस बैंकको अगुवाइमा ३२ मेगावाटको जलविद्युत् आयोजनामा ४ अर्ब ६ करोड लगानी गर्न डेभलपरसँग सहवित्तीयकरण सम्झौता भएको छ। यसबाहेक यथेष्ट परियोजनाहरू पहिचान भई लगानीका लागि विस्तृत अध्ययन तथा गृहकार्य भइरहेको छ। मुख्यतः अहिले नीति तथा योजना निर्माणको तहमा पनि छौं र स्रोत संकलनमा पनि उत्तिकै लागिरहेका छौं। खासगरी बाहिरको स्रोतलाई नेपाल भित्र्याउन प्रयासरत छौं।

**■ पूर्वाधार विकास बैंकको प्राथमिकतामा कस्ता परियोजना पर्छन् ?**

हाम्रो दायरा फराकिलो नै छ। तर, सो दायराभित्र अन्य बैंक वित्तीय संस्थाले पनि लगानी गर्न सक्छन्। हाम्रो आवश्यकता भनेको सडक, सुरुङमार्ग, एयरपोर्ट, होटेललगायत पूर्वाधार पनि हुन्। यसर्थ, हाम्रो स्कोप पनि यही क्षेत्रमा छ। तर, हामीसँग स्रोतको अभाव छ। पूर्वाधार बनाउने दायित्व राज्यलगायत निजी क्षेत्रको पनि हो। राज्यको मात्रै स्रोतले हाल मुलुकमा रहेको पूर्वाधारको खाडल भर्न पर्याप्त नहुन सक्छ। व्यावसायिक सम्भाव्यता नभएको तर पूर्वाधार आवश्यक भएको ठाउँमा पहुँच पुऱ्याउन राज्यको नेतृत्वदायी भूमिका आवश्यक हुन्छ। त्यस्तै, राज्य पूर्वाधारमा मात्रै लाग्यो भने सामाजिक क्षेत्रमा राज्यको उपस्थिति कमजोर हुन सक्छ। त्यसैले नै पूर्वाधारमा निजी क्षेत्रको समेत आवश्यकता महसुस भएकाले निजी क्षेत्रबाट पनि लगानी भइरहेको हो। पूर्वाधार विकासमा लगानीको पहुँच राज्यको सबै तहसम्म पुऱ्याउन हामीले केन्द्र सरकारसहित प्रदेश र स्थानीय सरकारहरूसँग समेत साझेदारीको प्रयास गरेका छौं, छलफल भइरहेको छ। प्रदेश तथा स्थानीय सरकारहरूको संरचनागत विकास भइरहेको छ भने हामी पनि आफ्नो पहुँच बढाउनेतर्फ प्रयासरत छौं। निफ्राले राम्रा परियोजनाहरू छनोट गर्दै लगानी विस्तार गर्दै जानेछ, हतार गर्ने छैन। चनाखो भएरै लगानी गर्ने हो। हामी आफैंले पनि परियोजना खोज्ने काम गरेका छौं, डेभलपरहरू पनि हामीकहाँ आउनुभएको छ। ठूला पूर्वाधारका परियोजनाहरूमा लगानी गर्ने विषय नयाँ पनि भएकोले केही समय लाग्छ।

**■ गत आवमा बैंकले २० करोड निक्षेप संकलन गरेर ७ करोड ८६ लाख रुपैयाँ कर्जा प्रवाह गरेको देखिन्छ। बैंकले स्थापनाको छोटो समयमै ब्याजबाट मात्रै १ अर्ब १३ करोड रुपैयाँ आम्दानी गरेको छ। यसलाई हेर्दा त बैंकमा पैसा राखेर ब्याज कमाइरहेकोजस्तो देखिन्छ नि ?**

निक्षेप संकलन, कर्जा परिचालनलगायतमा पूर्वाधार विकास बैंकका लागि नेपाल राष्ट्र बैंकको छुट्टै निर्देशन छ। पाँच वर्षभन्दा कम अवधिको निक्षेप स्वीकार गर्न पाइँदैन, ३० करोडभन्दा कमको कर्जा प्रवाह गर्न पनि पाइँदैन। यसै आधारमा हामीले आवधिक निक्षेपका केही प्रोडक्टमार्फत २० करोड निक्षेप संकलन गरेका छौं। साथै कर्जातर्फ लगानी सम्झौता गरेका छौं। हाम्रो फोकस सानो-सानो निक्षेपमा भन्दा पनि विदेशी स्रोत संकलन र सोको परिचालन गर्ने नै हो।

हामीसँग १२ अर्बको चुक्ता पुँजी छ। यो पैसा त्यसै राख्ने कुरा त भएन। राष्ट्र बैंकको निर्देशनबमोजिम नै तोकिएको अवधिसम्मका लागि बैंकमा राखेका छौं। अहिले पनि हाम्रो सञ्चालन खर्चहरू हुन्छ, पुँजीबाटै खर्च धान्ने कुरा पनि भएन। त्यसैले तत्काललाई भएका अवसरमा लगानी गर्ने र बाँकी पुँजी मात्र बैंकमा निक्षेप राखेर ब्याज आम्दानी गरेका हौं। कर्जा लगानी भई रकम प्रवाह नभएको अवस्थासम्म बैंकसँग रहेको पुँजीलाई अन्य बैंकमा राखी ब्याज आम्दानी भएको अवस्थालाई नकारात्मक रूपमा लिनु हुन्न। किनकि प्राप्त ब्याजले बैंकको सञ्चालन खर्च धानेको छ र बाँकी रकम पुँजीमै थप हुन्छ। यसका साथै पुँजी परिचालन गर्न कर्जा लगानीका साथै सरकारी ऋणपत्रहरूमा पनि लगानी गरेका छौं। पूर्वाधारका परियोजनामा लगानी गर्ने हाम्रो मुख्य व्यवसाय हो भन्ने कुरामा हामी प्रस्ट छौं। तर, सम्भाव्यताको अध्ययन र विश्लेषणविना लगानी गर्ने कुरा पनि भएन। हामीले सही परियोजनामा लगानी गर्नुपर्छ। हामीले समग्र अर्थतन्त्रलाई लाभ पुऱ्याउने, प्रतिफल उच्च दिने परियोजनाहरूमा लगानी गर्ने हो। दिगो रूपमा लाभ मिल्ने परियोजनामा लगानी गर्छौं। बैंकले लगानीकर्ता, सर्वसाधारण तथा अर्थतन्त्रलाई नकारात्मक असर नपर्ने गरी लगानी गर्नेछ।

**■ गत २२ फागुनमा बैंक उद्घाटन गर्दै अर्थमन्त्री डा. युवराज खतिवडाले बैंकलाई अहिलेको वित्तीय प्रणालीमा प्रतिस्पर्धा गर्नेभन्दा पनि परिपूरकको भूमिका खेल्न सुझाब दिएका थिए। तर, वाणिज्य बैंकहरूकैसरह निक्षेप संकलन गरेर ३० करोडसम्मको परियोजनामा लगानी गर्ने हुँदा परिपूरकभन्दा पनि प्रतिस्पर्धीजस्तो देखिएन र ?**

हामी प्रतिस्पर्धी भएको भए बजारबाट निक्षेप संकलन गर्न आक्रामक भई ठूलो आकारको निक्षेप संकलन गर्थ्यौं। जसको पक्षमा हामी छैनौं। हामी अस्वस्थ प्रतिस्पर्धा गर्दैनौं। हाम्रो फराकिलो दायरा छ। हामीले रिटेलमा लगानी गर्न पाउँदैनौं र त्यस्तो पाउनुपर्छ भन्ने सोच पनि छैन। स्रोत संकलनका लागि नवीनतम उपायहरू अवलम्बन गरेका छौं। सोहीअनुरूप सेक्टर फन्डको अवधारणा र विदेशी स्रोत नेपाल भित्र्याउने कार्ययोजनाअनुरूप कार्य गरिरहेका छौं।

पूर्वाधार भनेको सानो-ठूलो सबैखालका हुन्छन्, क्षेत्रअनुसार कतै थोरै त कतै धेरै लगानी लाग्न सक्छ। त्यसैले लगानीको न्यूनतम सीमा हाललाई ३० करोड तोकिएको छ। हामीले काठमाडौंलाई मात्रै हेरेर हुँदैन, मोफसलमा ३० करोडले पनि ठूलो पूर्वाधार बन्न सक्छ। कृषिका लागि अत्यावश्यक शीतभण्डारण निर्माण गर्दा ३० करोडभन्दा निकै कममा पनि बन्छ। त्यसैले, पूर्वाधारमै लगानी गर्दा ३० करोडको भन्दा कम सीमा तोक्दा पनि फरक पर्दैन। पूर्वाधारको लगानीका लागि खुला प्रतिस्पर्धा छाडिदिनुपर्छ। यो खुला बजारमा डेभलपरलाई ३० करोडभन्दा कम लगानीको पूर्वाधार निर्माण गर्दा वाणिज्य बैंक, विकास बैंक वा वित्त कम्पनीमै जानुपर्ने बाध्यता हुनु ठीक होइन। डेभलपरलाई लगानीकर्ता छनोटको अवसर दिनुपर्छ। हाम्रो अनुरोध त लगानीको न्यूनतम सीमालाई ३० करोडलाई घटाएर १० करोड बनाउनुपर्छ भन्ने हो। उदाहरणका लागि आइटी, कृषिलगायतका पूर्वाधारमा लगानी कम लाग्न सक्छ, त्यो ठाउँमा हामीलाई पनि लगानी गर्न दिने वातावरण बनाइदिनुपर्छ। हामीलाई तीनतारे वा सोभन्दा ठूलो होटेलमा लगानीका लागि खुला गरिएको छ। तर, दुर्गम क्षेत्रमा निर्माण हुने तीनतारे होटेल ३० करोडभन्दा कमको पनि हुन सक्छ। पूर्वाधारका परियोजनाहरूलाई लागतमा मात्रै सीमित राखिनुहुँदैन। हामी काम गरिरहेका छौं। केही काम गरेर देखाएपछि नियमनकारी निकायको विश्वास प्राप्त भई यी कुराहरू सहज हुँदै जाने विश्वास लिएका छौं।

**■ बैंकले दीर्घकालीन प्रकृतिको स्रोत जुटाउनुपर्नेछ। यसको माध्यम भनेको विदेशी ऋण परिचालन गर्ने पनि होला ? विदेशबाट ऋण ल्याउने प्रक्रिया सुरु भएको छ ?**

पूर्वाधारको परियोजनामा लगानीयोग्य रकम देशभित्रबाट मात्र जुटाउन कठिन छ। यसको उत्तम विकल्प बाहिरबाट स्रोत ल्याउने नै हो। यसका लागि प्रक्रियामा गइसेकका छौं। केही समयअघि सम्पन्न नेपाल इन्भेस्टमेन्ट समिटपछि हामीले एउटा प्रक्रिया अघि बढाएका छौं। बैंकले रकम अन्य देशको बैंकबाट नभई बन्ड जारी गरी बजारबाटै ल्याउन लागेको हो। यो प्रक्रिया एक्स्ट्रनल कमर्सिल बरोइङ (इसिबी)भन्दा भिन्न छ। हामीले यो प्रक्रियामार्फत ५ अर्ब ल्याउने प्रयास गरिरहेका छौं। यो रकम सानो भए पनि नेपालको वित्त बजारका लागि नयाँ सुरुवात हुनेछ। बैंकसँग हाल रहेका परियोजनालाई सोकेस गरी रकम ल्याउनुपर्ने, रकमको रेट पनि प्रतिस्पर्धी हुनुपर्नेलगायतका अन्य प्रक्रियागत चुनौतीहरू पक्कै छन्। यी चुनौतीलाई व्यवस्थापन गर्दै सुरुवाती अवस्थामा धेरै मार्जिन नराखी रकम भित्र्याउन सकियोस् भन्ने प्रयास गरिरहेका छौं।

**■ निक्षेप दायित्व तथा कर्जा सापटसहितको वार्षिक कार्ययोजना बनाएर केन्द्रीय बैंकमा पेस गर्नुपर्ने व्यवस्था छ। चालू आवका लागि वार्षिक कार्ययोजना कस्तो बनाउनुभयो ?**

हामीले वार्षिक कार्ययोजना बनाएका छौं। यस वर्ष दायित्वतर्फ २ वटा मुख्य योजना छन्। पहिलो आइपिओ जारी गरी ८ अर्ब पुँजी संकलन गर्ने र दोस्रो विदेशबाट बोन्डमार्फत ५ अर्ब संकलन गर्ने। यसैगरी चालू आवमा बैंकसँग हुने लगानीयोग्य रकमको आकारबराबरको कर्जा नयाँ परियोजनाहरूमा मात्रै लगानी गरी तत्काल सबै रकम प्रवाह हुन सम्भव नहुने हुँदा नयाँ पूर्वाधारका परियोजनामा क्रमशः लगानी गर्दै जाने हो। साथै, बैंकलाई ऋणात्मक भार (नेगेटिभ क्यारी) नहोस् भन्ने विषयलाई प्राथमिकताका साथ उठाई हामीले पूर्वाधारका परियोजनामा वाणिज्य बैंकहरूले गरेको लगानीलाई क्रेडिट सेल/पर्चेज/रिपर्चेज/ तथा टेकओभर गर्न सक्ने व्यवस्था हुनका लागि राष्ट्र बैंकमा अनुरोध गरेका छौं। राष्ट्र बैंकबाट यस विषयमा समयमै सम्बोधन हुने अपेक्षाअनुरूप भएका पूर्वाधारका परियोजनामा पनि लगानी गर्ने कार्यक्रम छ। दुई-चार वर्षपछि त हाम्रो साइलक सुरु हुन्छ, त्यतिवेला नेगेटिभ क्यारी समस्या हुनेछैन।

**■ ठूला परियोजना सरकार आफैंले र दातृ निकायको ऋण तथा अनुदान सहयोगमा बनिरहेका छन्। मझौला किसिमका परियोजनामा वाणिज्य बैंकहरूले नै लगानी गरिरहेका छन्। अर्कोतर्फ तपाईहरूलाई निक्षेप र कर्जा परिचालनमा पनि सीमा तोकिएको छ। यस्तो अवस्थामा तपाईहरूले आफूलाई कसरी अब्बल सावित गर्न सक्नुहुन्छ ?**

तपाईंले उठाएका जिज्ञासा कुनै बिन्दुमा ठीकै पनि हो। वास्तवमा भन्ने हो भने पूर्वाधारमा लगानी गर्ने विषय नै चुनौतीपूर्ण हो। यसमा दीर्घकालीन लगानी गर्ने हो र प्रतिफल पनि बिस्तारै आउने हो। आज लगानी सुरु गर्दा पाँच वर्षपछि बल्ल निर्माण सकिन्छ अनि त्यसपछि बल्ल प्रतिफल आउन थाल्छ। तपाईंले भनेजस्तै नेपालमा स्रोतको संकुचन छ, बजारको पनि सीमितता छ। त्यसैले हामीले विदेशबाट पैसा कसरी ल्याउने भनेर काम गरिरहेका छौं। धेरै बाधाहरू छन्, ती बाधालाई कसरी चिर्ने भनेर लागेका छौं। यहाँ हामीलाई निश्चित दायरा पनि तोकिएका छन्, त्यसअनुसार पनि आफूलाई अघि बढाउनुछ। यस्ता थुप्रै चुनौतीलाई सामाना गर्दै नेपालको पूर्वाधार विकासमा योगदान दिने गरी हामी लागेका छौं। यसमा नियमन निकाय, लगानीकर्ता, डेभलपर, व्यवस्थापन, सर्वसाधारणलगायत सबैको उत्तिकै सहयोग चाहिन्छ। अहिलेको अवस्थामा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्य पूरा गर्न पनि ठूलो लगानीको खाँचो पर्छ, हामीले दिगो विकासको लक्ष्य पूरा गर्न पनि पूर्वाधारमा ठूलो लगानी आवश्यक छ। यसर्थ, पूर्वाधारमा लगानीको ठूलो ग्याप छ। यसको मतलब हामीलाई अवसर छ भन्नु हो। पूर्वाधारमा लगानीको ग्यापलाई हेर्ने हो भने हाम्रो २० अर्बको पुँजी पनि कमै हो।

हामीसँग सम्भाव्य परियोजना भयो भने विदेशबाट लगानी जुटाउन सकिन्छ। तर, यसमा पनि केही चुनौती छन्। देशको रेटिङ, हेजिङ व्यवस्था, नीति नियमलगायतका कुरा छन्, ती सबै अनुकूल हुनुपर्छ। हाम्रो उद्देश्य भनेको हामीले ल्याएको फन्ड पूर्वाधारमै लगानी गर्नु हो। जबसम्म पूर्वाधार विकास हुँदैन तबसम्म विकासका अन्य ढोका खुल्दैनन्। हामी सुरुदेखि नै सम्पत्ति र दायित्वको म्याचिङ गर्दै जाने योजनाअनुरूप अगाडि बढेका छौं। हामी ५ वर्ष वा सोभन्दा बढी अवधिको निक्षेप लिन्छौं र त्यस्तै अवधिका परियोजनामा लगानी गर्छौं। अझ हामी निक्षेप लिनेभन्दा पनि प्रोजेक्टमा आधारित डिबेन्चरहरूमार्फत नै स्रोत परिचालन गर्ने योजनालाई प्राथमिकता दिएर हिँडेका छौं। हामीले स्थानीय बजारबाटै पनि विभिन्न बन्डहरू, सेक्टर फन्डहरू जारी गरेर स्रोत परिचालन गर्ने योजना बनाएका छौं। यसले स्वदेशमै भएका स्रोतहरू पनि पूर्वाधारको परियोजनामा परिचालन हुन्छन्।

**■ ब्याजदर उच्च र अस्थिर हुँदा पूर्वाधार परियोजनामा अपेक्षित लगानी हुन नसकेको तीतो यथार्थ छ। निफ्रा बैंकले यसमा कसरी काम गरेको छ ?**

ब्याजदर बजारले निर्धारण गर्ने हो, हामीले चाहेर हुने होइन। ब्याजदरलाई नियन्त्रण गर्न थालियो भने जहाँ पैसा जान पर्ने हो त्यहाँ जाँदैन र जहाँ नजानुपर्ने हो त्यहाँ जान सक्छ। सामान्यतया ६ महिना- एक वर्षमा उठ्ने कर्जा सस्तो हुनुपर्ने हो, उच्च जोखिम भएको कर्जा महँगो हुनुपर्ने हो। तर, ब्याजदरलाई कृत्रिम बनाउन थाल्यौं, लेन्डिङको म्यान्डेड नै गर्न थाल्यौं भने त्यसले ब्याजदरलाई प्रभाव पार्न सक्छ। बजारले जोखिमलाई हेरेर मात्रै लगानी गर्ने हो, दर तोक्ने हो, नत्र दूरदर्शी हुँदैन। ब्याजदरलाई कतिको सीमा राख्ने भन्ने नीति सरकार र केन्द्रीय बैंकले लिने हो। त्यसका लागि केन्द्रीय बैंकले बजारमा तरलता पठाउने र बजारबाट तरलता खिच्ने काम गर्छ। सोहीअनुसार हामी बैंकहरूको ब्याज बजारले निर्धारण गर्छ। बैंक आफैंले ब्याजदर तोक्न सक्दैन, बजारले तोक्ने हो। हामीले दीर्घकालीन निक्षेप लिएर दीर्घकालीन कर्जा प्रवाह गर्छौं। त्यसैले हामीले प्रवाह गर्ने कर्जाको ब्याजदर अनुमानयोग्य हुन्छ। सकेसम्म निक्षेप र कर्जालाई परियोजनामा जोड्ने हाम्रो उद्देश्य हुनेछ। अर्थात् ५ वर्षको निक्षेप छ भने पाँच वर्षकै परियोजनामा लगानी गरेर म्याचिङ गराउने छौं। यसमा डेलभलपरको पनि भूमिका हुन्छ।

**■ कुल ४० अर्ब रुपैयाँ अधिकृत पुँजी र २० अर्ब रुपैयाँ जारी पुँजी रहेको यस बैंकमा सरकारले १० प्रतिशत, वाणिज्य बैंकहरूको २०.८९ प्रतिशत, सार्वजनिक तथा निजी कम्पनीको ५.१५ प्रतिशत, इन्स्योरेन्स कम्पनीको १८.९७ प्रतिशत र उद्योगीहरूको ४.९९ प्रतिशत सेयर लगानी रहेको देखिन्छ। बाँकी ४० प्रतिशत सेयर सर्वसाधारणका लागि छुट्याइएको छ। सर्वसाधारणका लागि सेयर कहिले निष्कासन गर्नुहुन्छ ?**

हामीले यही वर्ष सर्वसाधारणका लागि आइपिओ जारी गर्ने योजना बनाएका छौं। वार्षिक साधारणसभा सम्पन्न भएपश्चात् आइपिओ जारी गर्ने प्रक्रिया सुरु गर्ने छौं। कुल २० अर्ब जारी पुँजीमध्ये १२ अर्ब संस्थापकहरूबाट चुक्ता भइसकेको र बाँकी ८ अर्ब रुपैयाँका लागि सर्वसाधारणलाई आइपिओ जारी हुनेछ।



बैंकको अगुवाइमा ३२ मेगावाटको जलविद्युत् आयोजनामा ४ अर्ब ६ करोड लगानी गर्न डेभलपरसँग सहवित्तीयकरण सम्झौता भएको छ। यसबाहेक यथेष्ट परियोजनाहरू पहिचान भई लगानीका लागि विस्तृत अध्ययन तथा गृहकार्य भइरहेको छ। मुख्यतः अहिले नीति तथा योजना निर्माणको तहमा पनि छौं र स्रोत संकलनमा पनि उत्तिकै लागिरहेका छौं। खासगरी बाहिरको स्रोतलाई नेपाल भित्र्याउन प्रयासरत छौं।



बजारले जोखिमलाई हेरेर मात्रै लगानी गर्ने हो, दर तोक्ने हो, नत्र दूरदर्शी हुँदैन। ब्याजदरलाई कतिको सीमा राख्ने भन्ने नीति सरकार र केन्द्रीय बैंकले लिने हो। त्यसका लागि केन्द्रीय बैंकले बजारमा तरलता पठाउने र बजारबाट तरलता खिच्ने काम गर्छ। सोहीअनुसार हामी बैंकहरूको ब्याज बजारले निर्धारण गर्छ। बैंक आफैंले ब्याजदर तोक्न सक्दैन, बजारले तोक्ने हो।



अहिलेको अवस्थामा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्य पूरा गर्न पनि ठूलो लगानीको खाँचो पर्छ, हामीले दिगो विकासको लक्ष्य पूरा गर्न पनि पूर्वाधारमा ठूलो लगानी आवश्यक छ। यसर्थ, पूर्वाधारमा लगानीको ठूलो ग्याप छ। यसको मतलब हामीलाई अवसर छ भन्नु हो। पूर्वाधारमा लगानीको ग्यापलाई हेर्ने हो भने हाम्रो २० अर्बको पुँजी पनि कमै हो।